
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेताको रुपमा चिनिएका छन्, आयुष्मान देशराज जोशी । 'चपली हाइट २'बाट डेब्यु गरेका उनले त्यसपछि करिब आधा दर्जन फिल्म गरे । तर, विस्तारै उनको रुचि अभिनयभन्दा छायांकनतर्फ ढल्किएको छ । लकडाउनको समयमा उनले वेब सिरिज 'जस्ट एनदर लभस्टोरी' खिचेका थिए । यसैक्रममा, उनले छायांकन गरेको अर्को वेब सिरिज 'साहु बा' अब सार्वजनिक हुने तयारीमा छ ।

**आजको विचार...**



दीपक भट्टराई

नेपाल... (दुई पेजमा)



'तीनपाते', 'के माया लाग्छ र ?' जस्ता चर्चित गीतको भिडियोमार्फत् निर्देशनमा जमेका नवीन चौहानले आफ्नो डेब्यु फिल्म 'ऊनको स्वीटर'को छायांकन सुरु गरेका छन् । आइतबार पाँचथरस्थित साधुटारमा शुभमुहूर्तपछि छायांकन थालिएको हो । फिल्मको मुख्य भूमिकामा अभिनेता विपिन कार्की र अभिनेत्री मिरुना मगर देखिँदैछन् । तर उनीहरु केही दिनपछि मात्र छायांकनमा जोडिनेछन् । अभिनेता एलेक्स पारस र अभिनेत्री परीक्षा लिम्बूलाई फिचर्ड गर्दै गीतबाट फिल्मको छायांकन थालिएको हो । केही दिन उनीहरुकै दृश्य खिचिनेछ ।

❒ वर्ष २९ ❒ अंक ३१२ ❒ २०८१ जेठ २९ गते मंगलबार 11 June 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## पूर्वमन्त्री पाण्डेयले सार्वजनिक गरे आफ्नो पहलमा ल्याएका बजेट योजना

# भन्छन्–'जनप्रतिनिधि नहुँदा पनि पाल्पाको विकासमा निरन्तर खटिरहेको छु'

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ २८/पूर्व उद्योगमन्त्री तथा नेकपा एकिकृत समाजवादीका पोलिटिव्युरो सदस्य सोमप्रसाद पाण्डेयले आफ्नो पहलमा ल्याएका बजेट योजना सार्वजनिक गरेका छन् । उनले तानसेनमा पत्रकार भेटघाटमार्फत आगामी आर्थिक वर्षका लागि आफ्नो पहलमा पाल्पाको विकास निर्माणमा पारेको बजेटको फेहरिस्त सार्वजनिक गरेका हुन् ।

नेता पाण्डेयले बजेट योजना सार्वजनिक गर्दै पाल्पाली जनताको सेवा र पाल्पाको विकासमा निरन्तर लाग्दै आएको बताएका छन् । उनले जनप्रतिनिधि हुँदा र नहुँदा दुवै समयमा पाल्पाको विकासमा आफु निरन्तर खटिएको बताए । नेपाल रेडक्रस सोसाईटी पाल्पाले ब्लड बैक सञ्चालनको लागि चन्दा रकम संकलन गरिरहेको बेला नेता पाण्डेयले भने भवन निर्माणको लागि संघीय सरकारबाट बजेट विनियोजन गरेको बताएका छन् । उनले भने 'म आफै श्रीमतिको नामबाट पाल्पामा ब्लड बैक सञ्चालन गर्ने योजनामा थिए तर कानुनी प्रावधानमा रेडक्रस र अस्पताल बाहेक अरुले सञ्चालन गर्न नमिल्ने भएपछि विगत ३ महिनाको खटाई पछि शहरी विकास मन्त्रालयबाट भवन निर्माणको लागि १ करोड ५३ लाख बजेट विनियोजन गराउन सफल भएको छु ।' नेता पाण्डेयले आफु २ करोडको प्रस्ताव लिएर गएकोमा बजेट अभावका कारण आगामी बर्षको लागि १ करोड ५३ लाख मात्रै विनियोजन गराउन सफल भएको बताए । यस्तै तानसेनलाई बौद्ध पर्यटकको केन्द्र बनाउन महाचैत्य विहार टक्सारलाई पनि आगामी बर्षको लागि १ करोड ५३ लाख विनियोजन गराउन सफल भएको पूर्वमन्त्री पाण्डेयको भनाई छ ।



विहारको लागि पनि २ करोड प्रस्तावसहित निवेदन पेश गरे पनि प्रस्ताव अनुसार रकम नपरेको भन्दै उनले निर्माणको क्रममा रकम अपुग भएमा थप रकम जुटाउने जिम्मा आफ्नो भएको बताए । लुम्बिनी आएका बौद्ध पर्यटक तथा भिक्षुहरुलाई पाल्पा ल्याउने अभियानमा आफ्नो ध्यान रहेको पूर्वमन्त्री पाण्डेयको भनाई छ । सबैको सहमतिमा श्रीनगर बौद्ध बगैचाको रुपमा विकास गरेर गएमा तानसेनलाई बौद्ध पर्यटकको शहरको रुपमा विकास गर्न सकिने उनले बुझाई छ ।

यसैगरी दमकडा बाल उद्यान निर्माणको लागि १ करोड, माण्डव्य क्याम्पसमा बहुउद्देश्यीय भवन निर्माणको लागि १ करोड, घोरबन्दा गोठेचौर ,ठूला चौर पिप्ले माडी चक्रपथको लागि १ करोड, चिलाङ्दी मालारानी सडक स्तरोन्नतिको लागि १ करोड, फेक बुढीकोट दोभान सडक स्तरोन्नतिको लागि १ करोड, कृषि समाग्री अलैची कुवा पहुँच मार्ग निर्माणको लागि १ करोड, तानसेन ७ को सहलगानी खानेपानी देखी सिद्धार्थ राजमार्गसम्मको सडक निर्माणको लागि १ करोड, प्रभासदेखी सरस्वती माविसम्मको सडकको लागि १ करोड, रिडी कुसेनी ख्याहा मोटरबाटो १ करोड ८ लाख, प्रभास प्रतिक्षालयदेखी पोलस्टार सहलगानी खानेपानीसम्म सडक निर्माणको लागि १ करोड, प्रभास सडक नाली स्तरोन्नतीका लागि १ करोड, रिब्दीकोट पार्किङ पुर्वाधारका लागि १ करोड, तिनाउ डुम्रे मस्याम मोटरबाटोका लागि १ करोड, गैरागाउँ चण्डीस्थान भवन निर्माणको लागि ३५ लाख, आदीवासी भवन निर्माणको लागि २० लाख लगायतका योजना लामो प्रयास र खटाई पछी जिल्लामा पार्न सफल भएको पूर्वमन्त्री पाण्डेयले जानकारी गराए ।

विगतमा पनि पाल्पाको विकास निर्माणदेखी, सिद्धार्थ राजमार्गको स्तरोन्नति, मोड कटान, तानसेन रिडी सडकको स्तरउन्नति मोड कटान, पाल्पामा पिसियार मेसिन भित्राउनेदेखी सिद्धबाबामा सुरुङ्गमार्ग निर्माणको लागि र तानसेनको कालीगण्डकी खानेपानीको लागि नियमित रुपमा दवाव सिर्जना गरी योजना पार्न आफ्नो पनि प्रमुख भूमिका रहेको पुर्वमन्त्री पाण्डेले बताए । कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष रेखीराम राना, नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल, राप्रपा पाल्पाका अध्यक्ष डुलबहादुर कुवँर, रेडक्रस पाल्पाका सभापति बाबुराम कार्की, तानसेन नगरपालिकाका पूर्व नगरप्रमुख अशोक कुमार शाही लगायतले पूर्वमन्त्री पाण्डेयले पाल्पाको विकास निर्माणमा खेलेको भूमिका प्रशंसनिय रहेको बताए ।

### संक्षिप्त समाचार

## फ्रान्समा मध्यावधि निर्वाचनको घोषणा

**(रासस/एएफपी)**

**ब्रसेल्स,** जेठ २८/युरोपेली संघ (ईयू) को चुनावमा अति राष्ट्रवादी (दक्षिणपन्थी) समूहको विजयले फ्रान्समा आइतबार राजनीतिक भुइँचालो निम्त्याएको छ । निर्वाचनसँगै राष्ट्रपति इमानुएल म्याक्रौँले उच्च जोखिमको कदमको संज्ञा दिएको विधायिकाको मध्यावधि निर्वाचनको घोषणा गरेका हुन् ।

मध्यमार्गी मूलधारका दलहरूले युरोपेली संसद्मा समग्र बहुमत कायम राखे पनि समग्र परिणाममा अति दक्षिणपन्थी दलहरूको सुधार देखिएपछि ईयूको राजनीति तरङ्गित भएको छ । अति राष्ट्रवादी समूह फ्रान्स, इटाली र अष्ट्रियामा पहिलो तथा जर्मनी र नेदरल्याण्ड्समा दोस्रो भएको प्रारम्भिक नतिजाले देखाएको छ । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले भने, 'हामी बायाँ र दायाँबाट अतिवादीहरूको विरुद्धमा किल्ला निर्माण गर्नेछौं ।' ७२० सदस्यीय व्यवस्थापिकाको निर्वाचनका लागि २७ देशका ३६ करोडभन्दा बढी युरोपेलीले मतदान गरेका थिए । ईयूको अर्को संसद र आयोगले युक्रेनमा रूसको जारी युद्ध, अमेरिका-चीन प्रतिद्वन्द्विताका कारण विश्वव्यापी व्यापार तनाव, जलवायु परिवर्तनको संकटकालीन अवस्था र 'विघटनकारी' नयाँ डोनाल्ड ट्रम्पको राष्ट्रपतिको सम्भावनाको सामना गर्नुपर्नेछ । ईपीपीको प्रमुख उम्मेदवारको रूपमा, भोन डेर लेयेन आयोग सञ्चालन गर्नका लागि नयाँ जनादेश आवश्यक ठान्छन् । इयूका नेताहरूले जुन २७ देखि २८ सम्म हुने शिखर सम्मेलनअघि जुन १७ देखि नै उनको नाम लिने वा अर्को विकल्प रोज्ने भन्नेबारे निर्णय गर्न थाल्नेछन् ।

## गण्डकीका मुख्यमन्त्री पाण्डेले पाए विश्वासको मत

**पोखरा,** जेठ २८/गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत पाएका छन् । सोमबारको प्रदेश सभा बैठकमा पाण्डेले विश्वासको मत पाएका हुन् ।

माओवादी केन्द्रको चुनाव चिन्हबाट निर्वाचित नेपाल समाजवादी पार्टीका सांसद फणीन्द्र देवकोटाले 'फ्लोर क्रस' गर्दै पाण्डेको पक्षमा मतदान गरेपछि उनले विश्वासको मत पाउन सफल भएका हुन् । मुख्यमन्त्री पाण्डेले राखेको विश्वासको मतको पक्षमा ३१ र विपक्षमा २८ मत खसेको थियो । बैठकमा ५९ जना सहभागी थिए । सभामुख कृष्णप्रसाद धितालले मुख्यमन्त्री पाण्डेले विश्वासको मत पाएको घोषणा गरे । मुख्यमन्त्री पाण्डेले संविधानको धारा १६८ (३) बमोजिम सबैभन्दा ठूलो दलको नेताका हैसियतमा मुख्यमन्त्री बनेका थिए । उनलाई नेपाली कांग्रेस, राप्रपा, नेपाल समाजवादी पार्टी र स्वतन्त्र सांसदले मत दिएका थिए ।

सर्वोच्च अदालतको परमादेशअनुसार यही जेठ १६ गते मुख्यमन्त्रीमा नियुक्त भएका नेपाली कांग्रेस प्रदेशसभा संसदीय दलका नेता पाण्डेले संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिएका हुन् । देवकोटाले 'फ्लोर क्रस' गरेपछि विपक्षी सांसदले केहीबेर नारावाजी गरेका थिए । ६० सदस्यीय प्रदेशसभामा काँग्रेसका २७, नेकपा एमालेका २२, नेकपा माओवादी केन्द्रका ७ (सभामुखबाहेक), राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र एक स्वतन्त्र प्रदेशसभा सदस्य छन् ।

## विद्यार्थीलाई पढाइसँगै कपाल काट्ने सिप सिकाइदैं

**वालिङ(स्याङ्जा),** जेठ २८/स्याङ्जाको वालिङ-९ मास्थित भुम्रे माध्यमिक विद्यालयले विद्यार्थीलाई कपाल काट्ने सिप सिकाउन तालिम सुरुवात गरेको छ ।

व्यवहारिक सिपमार्फत विद्यार्थीलाई आत्मनिर्भर बनाउने उद्देश्यले तालिम थालिएको विद्यालयका प्रधानाध्यापक तिलकप्रसाद पराजुलीले बताए । जिल्लाकै पुरानो सो सामुदायिक विद्यालय कक्षा १० सम्म सञ्चालनमा रहेको छ । विद्यालयले कक्षा ८, ९ र १० मा अध्ययनरत इच्छुक छात्रछात्रालाई नि:शुल्करुपमा कपाल काट्न तालिम सञ्चालन गरेको हो ।

'विद्यार्थीलाई किताबी ज्ञानले मात्रै पुग्दैन, उनीहरुलाई व्यवहारिक, जीवनोपयोगी खालका प्राविधिक ज्ञान सिप आवश्यक हुन्छ', प्रअ पराजुलीले भने, 'आज सिकेको सीपलाई भविष्यका दिनमा प्रयोग गरी व्यावसायिक बन्दै आर्थिक उपार्जन गर्नमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौँ ।' भविष्यमा स्वदेशमै व्यावसायिकरुपमा आफूले जानेको सिपको प्रयोगमार्फत आम्दानीसित जोडिनका लागि सहयोग पुग्ने दाबी उनको छ । वैदेशिक रोजगारीमा जाँदा पनि सीप सिकेर जाँदा राम्रो हुने भएकाले प्राविधिक ज्ञान सिप विद्यार्थीलाई दिन थालिएको उनले बताए । 'विद्यालयले व्यवहारिक ज्ञान सीप बाँड्ने अभियान मार्फत पहिलोपटक कपाल काट्ने सीप सिकाउन सुरु गरेको हो', उनले भने, 'आगामी दिनमा विद्यार्थीको रुचिअनुसारका तालिम सञ्चालन गर्दै अगाडि बढ्छौँ ।'



विद्यालयको आन्तरिक स्रोतबाट वार्षिक कार्ययोजनाअन्तर्गत छात्रछात्रा लक्षित कपाल काट्ने सीप सिकाइएको हो । प्राविधिक ज्ञान सीप भएको मानिस बेरोजगार बस्न नपर्ने भएकाले यसको महत्व उच्च रहेको प्रशिक्षक सुनबहादुर घर्तीले बताए । विद्यालय परिसरभित्रै प्रशिक्षक घर्तीले विद्यार्थीलाई आलोपालोरुपमा कपाल काट्न सिकाउँदै आएका छन् ।

पछिल्लो समय सामुदायिक विद्यालयमा विद्यार्थीको चाप घट्दै जाँदा भुम्रे माविले प्रयोगात्मक विधिमार्फत विद्यार्थी आकर्षण गरेको हो । विद्यालयले सैद्धान्तिक ज्ञान र व्यवहारिक ज्ञान सँगसँगै अगाडि बढाएको हो । **-रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## गर्मीबाट जोगिऔं

पछिल्ला केही दिनयता देशभर गर्मी बढ्दै गएको छ । तराई मधेशका जिल्लाहरुमा टन्टलापुर घाम लाग्ने र तातो हावा चल्ने भइरहेको छ । खासगरी नेपालगञ्ज, दाङ, भैरहवा, नवलपुर, चितवन लगायतका जिल्लाहरुमा गर्मी अत्यधिक बढेको छ । बढ्दो गर्मीले जनजीवन प्रभावित समेत भएको छ । चर्को गर्मीसँगै 'लु'लगायत अन्य संक्रमण हुन सक्ने भएकाले सर्वसाधारण स्वयं सचेत हुनुपर्ने भएको छ । तराईका कतिपय जिल्लामा तापक्रम ४३ डिग्रीभन्दा बढी भएकाले जनजीवन असहज बन्दै गएको छ । गर्मी वा चिसो सरकार वा स्थानीय सरकारले चाहँदैमा घटाउन वा बढाउन सक्दैन । यो एक किसिमको प्राकृति अवस्था हो । मानव बसभन्दा पर छ । यद्यपी यस्तो बेलामा सर्वसाधारण स्वयं सचेत हुनुको विकल्प छैन । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले 'लु' लाग्न सक्ने भन्दै सावधान रहन अनुरोध समेत गर्दै आएको छ । यस्तो अवस्थामा मानिसलाई लूबाट जोगाउन उच्च होसियारी र व्यापक सचेतनाको खाँचो परेको छ । विपद्कै अवस्था आइपर्दा के गर्ने भनेर तीनै तहका सरकारले प्रतिकार्य व्यवस्था गर्नु पर्छ । यो सरकारको दायित्व पनि हो तर अन्य विपद्सरह गर्मीबाट हुने लूलाई अहिलेसम्म प्राथमिकताका साथ चासो दिएको पाइँदैन । उसलाई बेवास्ता गरिरहे लू कुनै पनि बेला ठूलो विपद् बन्न सक्छ ।

गर्मीमा बालबालिका र वृद्धवृद्धा बढी जोखिममा पर्छन् । गर्मी चर्किएसँगै अस्पतालहरुमा बिरामी बालबालिका र वृद्धवृद्धाको संख्या बढ्न थालिसकेको छ । त्यसैले सबै अस्पताललाई बिरामीको भरपर्दो उपचारका लागि तम्तयार राख्न जरुरी छ । भरसक कोही पनि बिरामी पर्ने अवस्था नआओस् भनेर आम सर्वसाधारणलाई सतर्क पार्न आवश्यक छ । गर्मीको अवस्थामा सकेसम्म घरबाट ननिस्कँदा राम्रो हुन्छ । निस्कनै पर्दा विशेष सावधानी अपनाएर निस्कनु उपयुक्त हुन्छ । यस्तो बेलामा प्रशस्त मात्र पानी पिउनुपर्छ । यसले केही हदसम्म गर्मीबाट हुने जोखिमलाई कम गर्न सहयोग पुग्छ । यसर्थ गर्मीका कारण संक्रमणबाट बच्न सावधानी अपनाऔं ।

### Opinion @ Social Network

आनन्दको सुख बेचेर भोलीको खुसी किन्ने,
भागदौडमै चलिरहेछ जिन्दगी ।

(सुबास पाण्डेको फेसबुक स्टाटस https://www.facebook.com/Subash.Panday.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाल बन्न सक्छ मेलमिलाप र मध्यस्थताको उत्कृष्ट केन्द्र



**दीपक भट्टराई**

*भारतीय र चिनियाँ कम्पनीहरूसँग सीमापार लेनदेन गर्ने मानिसहरू वार्ता र समाधान गर्न तटस्थ स्थानको प्रयोग गर्न चाहन्छन् । उनीहरूको लागि नेपाल उपयुक्त स्थान हुनसक्छ। अहिले लन्डन, दुबई, सिङ्गापुर र हङकङमा यस्तो काम गरिरहेकाहरूलाई काठमाडौं सस्तो, उपयुक्त र भरपर्दो विकल्प हुनसक्छ । भारत आफैंले पनि यस्तो केन्द्रको रूपमा आफूलाई विकास गर्न प्रयास गरिरहेको छ । खासगरी अन्तर्राष्ट्रिय विवादहरू समाधानका लागि काठमाडौंलाई आर्बिट्रेसन सेन्टर अथवा मध्यस्थता केन्द्रको रूपमा विकास गराउन सकिन्छ । सिट अफ आर्बिट्रेसन अर्थात् बसेर छलफल संवाद गर्ने ठाउँको रूपमा नेपालका अन्य भूगोलहरूलाई पनि विकास गराउन सकिन्छ ।*

हामी एउटा यस्तो सानो र सुन्दर देश हौं जहाँ अहिले तुलनात्मक रूपमा शान्ति र स्थायित्व छ । हाम्रो रणनीतिक अवस्थिति पनि त्यस्तै अद्वितीय छ । दुई विशाल र शक्तिशाली राष्ट्रहरू बीचको एउटा सानो देश भएकोले हामी भविष्यमा कुनै पनि अन्तर्राष्ट्रिय द्वन्द्व, युद्ध र शीतयुद्धहरूमा भाग लिंदैनौं । हामीसँग यो सुविधा ऐतिहासिक रूपले पनि छ । नेपाल गौतम बुद्धको देश हो । यो शान्ति मुहान पनि हो । कल्पनाकै कुरा हो तर यदि हाम्रा छिमेकी दुई शक्तिशाली राष्ट्रहरूबीच विवाद र युद्ध नै भइहाल्यो भने पनि हामी बीचमा बसेर सहमति र संवादका लागि पहल गर्न सक्छौं । काठमाडौं वा नेपाल संवादको महत्वपूर्ण भूमि हुनसक्छ । त्यसैले पनि काठमाडौंलाई अन्तर्राष्ट्रिय व्यावसायिक सम्झौता र कारोबार सम्बन्धी मध्यस्थता र मेलमिलापको केन्द्र बनाउन सकिन्छ । भारतीय र चिनियाँ कम्पनीहरूसँग सीमापार लेनदेन गर्ने मानिसहरू वार्ता र समाधान गर्न तटस्थ स्थानको प्रयोग गर्न चाहन्छन् । उनीहरूको लागि नेपाल उपयुक्त स्थान हुनसक्छ। अहिले लन्डन, दुबई, सिङ्गापुर र हङकङमा यस्तो काम गरिरहेकाहरूलाई काठमाडौं सस्तो, उपयुक्त र भरपर्दो विकल्प हुनसक्छ । भारत आफैंले पनि यस्तो केन्द्रको रूपमा आफूलाई विकास गर्न प्रयास गरिरहेको छ । खासगरी अन्तर्राष्ट्रिय विवादहरू समाधानका लागि काठमाडौंलाई आर्बिट्रेसन सेन्टर अथवा मध्यस्थता केन्द्रको रूपमा विकास गराउन सकिन्छ । सिट अफ आर्बिट्रेसन अर्थात् बसेर छलफल संवाद गर्ने ठाउँको रूपमा नेपालका अन्य भूगोलहरूलाई पनि विकास गराउन सकिन्छ । भारतीय कम्पनीहरूसँग व्यापार गर्ने थाइल्यान्ड, बंगलादेश, श्रीलंका, म्यानमार, पाकिस्तान, अफगानिस्तान जस्ता दक्षिण एशियाली देशहरूमा रहेका कम्पनीका लागि हामीले वैकल्पिक मध्यस्थता केन्द्र प्रस्तुत गर्न सक्छौं । किनकि विभिन्न कारणले उनीहरूको प्राथमिकतामा काठमाडौं पर्न सक्छ । त्यसैले काठमाडौंलाई व्यापारिक तथा कानुनी समुदायका सदस्य तथा प्रतिनिधिहरूका लागि पर्यटन सम्भाव्यता सहितको तटस्थ स्थलको रूपमा प्रवर्धन गर्न सकिन्छ । घरेलु मुद्दाका लागि नेपालमा नेपाल मध्यस्थ परिषद् छ । त्यसले देशभित्रका मुद्दाहरूलाई मध्यस्थताको माध्यमबाट सहमतिमा ल्याउने प्रयास गर्छ । दुई पक्षको बीचमा रहेको विवादलाई मुद्दा दर्ता भइसकेको अवस्थामा होस् अथवा मुद्दा दर्ता हुनुभन्दा अगाडि नै त्यसलाई कसरी समाधान गर्न सकिन्छ भनेर त्यहाँ छलफल र संवाद हुन्छ । यो वैकल्पिक न्याय प्रणाली हो । यद्यपि औपचारिक अदालत त अनिवार्य भइहाल्यो । विवाद समाधानको लागि नियुक्त मध्यस्थ वा मध्यस्थहरूको समूह समेतलाई मध्यस्थ भनिन्छ । मिडिएसन र आर्बिट्रेसनलाई नेपालीमा सामान्यत: मध्यस्थता भनिन्छ । तर यी बीच केही आधारभूत भिन्नता छन् । मिडिएसन भनेको छलफल गरेर सहमति खोज्नु हो । त्यस्तै, आर्बिट्रेसन भनेको विवादका दुई पक्षको विवाद छिनोफानोका लागि तेस्रो पक्षलाई कानुनी प्राधिकार दिएर नियुक्ति गर्नु हो । मेडिएटर तटस्थ तेस्रो पार्टी हो । यसले विवादमा रहेका दुवै पक्षलाई संवादमा ल्याउँछ । यहाँ मेडिएटरले समाधान थोपर्दैन बरु आपसी सहमतिका लागि दिशानिर्देश गर्छ । आर्बिट्रेटर भनेको एकप्रकारले न्यायाधीश जस्तै हो । उसले विवादमा रहेका दुवै पक्षको तर्क र तथ्यहरू सुन्छ । त्यसपछि उसले अन्तिम निर्णय सुनाउँछ जसलाई दुवै पक्षले मान्नुपर्छ । आर्बिट्रेसन अभ्यासले अदालतसम्म पुग्ने मुद्दा बाहिरै समाधान हुनसक्छ । अदालतमा गइसकेका मुद्दाहरू पनि आर्बिट्रेसनको माध्यमले अथवा मिडिएसनको तरिकाले समाधान गर्न सकियो भने अदालतमा मुद्दाको चाप कम हुन्छ । अदालत गइसकेपछि विवादका दुई पक्षहरूबीचको सम्बन्ध तिक्ततापूर्ण बन्न सक्छ । मध्यस्थताले मित्रवत् वातावरणमा विवाद समाधानको उपाय खोज्छ। खासगरी दुई व्यापारिक कम्पनी/संस्थाहरूको हकमा विवाद भएको अवस्थामा यस्तो अभ्यास उपयुक्त हुन्छ । व्यापारमा विवाद हुनसक्छन् । विवाद समाधान गर्दा सम्बन्ध सकिने अवस्था सिर्जना गर्नुहुँदैन । व्यापारिक दृष्टिकोणमा सम्बन्धले निरन्तरता पाउनु नै उत्तम हुन्छ । कम्तीमा तिक्ततापूर्ण सम्बन्ध बाँकी रहँदैन । विवादले बढाउन सक्ने सम्भावित तिक्तताको मात्रा कम गराउन यो विधि उत्तम हुन्छ । अदालतमा जाँदा त्यहाँबाट आउने फैसला बाध्यकारी हुन्छ । यद्यपि बेलायत र नेपालका कतिपय न्यायिक अभ्यासहरू फरक-फरक छन् । यो घरेलु मध्यस्थता हो जहाँ देशभित्रै रहेका विवादहरू समाधान गरिन्छ । यो आलेखको प्राथमिकता काठमाडौंलाई अन्तर्राष्ट्रिय मध्यस्थता केन्द्रको रूपमा विकास गराउन सकिने सम्भावना र आवश्यकता माथि छलफल गर्नु हो । यो कामको लागि सुरुमा नेपालले सिंगापुर कन्भेन्सन नामको सम्झौतालाई अनुमोदन गर्नुपर्छ। यदि काठमाडौंलाई अन्तर्राष्ट्रिय मध्यस्थता केन्द्रको रूपमा विकास गर्न सक्ने हो भने विदेशमा रहेका विवादहरू काठमाडौंमा बहस हुनसक्छन् । उदाहरणको लागि, भारतीय र थाई कम्पनीबीच व्यापारिक विवाद भयो भने उनीहरूको जाने प्रमुख गन्तव्य सिंगापुर रहेको छ । दुबईले पनि विकल्पको रूपमा स्थान बनाउँदैछ । त्यसको ठाउँमा नेपालले उनीहरूलाई काठमाडौंमा ल्याउन सक्यो भने देशकै विकासमा पनि केही न केही योगदान हुन्छ । आर्थिक क्रियाकलाप बढ्छ । पर्यटनको क्षेत्रमा पनि सम्भावना उकासिन्छ । विश्व बजारमा नेपालको प्रवर्धन हुन्छ । यसले केही न केही रोजगारी सिर्जना हुन्छ । बहसका लागि अधिवक्ताहरू चाहियो । केही तालिम र अनुभव प्राप्त गरेपछि उनीहरूले बहस गर्न सक्छन् । यद्यपि काठमाडौंमा यसको विकास गर्नु त्यति सजिलो छैन । विदेशका कम्पनीहरूले यहाँको सेवा कत्तिको भरपर्दो छ भनेर हेर्छन् । नतिजाहरू कति योग्य छन् भनेर हेर्छन् । अन्तर्राष्ट्रिय मुद्दा भएकोले अङ्ग्रेजी भाषामा पनि क्षमतावान् हुनुपर्‍यो । अहिले कति साथीहरू विदेशमा पढेर आउनुभएको छ । उहाँहरूमा यो क्षमता छ । नयाँ पुस्ताका यहींका साथीहरूमा पनि भाषामा राम्रो क्षमता छ । त्यसो त, यो भनेको गर्दै जाँदा सिक्ने कुरा पनि हो । अभ्यासको क्रममा अदालत, न्यायाधीश र वकिलहरूको पनि आत्मविश्वास र क्षमता बढ्दै जान्छ । आर्बिट्रेसनका लागि अदालतले नै कानुनी व्यवस्था गरेर एउटा छुट्टै बेञ्च बनाइदिन सक्छ । अहिले सर्वोच्चमा भएको संवैधानिक इजलास भने जस्तै आर्बिट्रेसनका लागि छुट्टै इजलासको व्यवस्था गर्न सक्छ । अदालतमा मुद्दा के कारणले ढिला हुन्छ ? यसको जवाफ खोज्ने क्रममा यो पनि एउटा छिटो न्याय सम्पादनको लागि वैकल्पिक उपाय हुनसक्छ । न्यायाधीशहरूको कमी, धेरै मुद्दा-मामिला, निर्णय प्रक्रिया ढिला हुनु लगायत समस्या समाधान गर्न अदालतले नै छुट्टै इजलासको व्यवस्था गर्न सक्छ । विदेशमा अंशकालीन न्यायाधीशहरूको पनि व्यवस्था हुन्छ । नेपालमा स्थायी र अस्थायी न्यायाधीश हुन्छन् तर दुवै पूर्णकालीन । बेलायतमा वरिष्ठ अधिवक्ताहरू अंशकालीन न्यायाधीश पनि हुनसक्छन् । उसले आफ्नो व्यावसायिक अभ्यास पनि गरिरहन्छ । अदालतको आवश्यकता अनुसार बोलाएको बेला अंशकालीन न्यायाधीश पनि हुनसक्छ । नेपालमा पनि मुद्दाहरूको चापलाई घटाउन तीनै तहको अदालतमा यस्तो व्यवस्था गर्न सकिन्छ । मुद्दाको चाप बढी भएको अवस्थामा थप न्यायाधीशहरूको व्यवस्था गर्न सक्ने अभ्यासले नागरिकले समयमै न्याय पाउन सक्छन् । उनीहरूको दैनिक कामको आधारमा पारिश्रमिकको व्यवस्था गर्न सकियो जसले राज्यमा आर्थिक भार पर्दैन । अदालतमा मुद्दा नै कम कसरी गर्ने भनेर पनि काम गर्नुपर्छ । त्यसका लागि अदालतभन्दा थोरै बाहिर रहेर मध्यस्थता र मेलमिलापको व्यवस्था र अभ्यासलाई बढाउनुपर्छ । अदालतभित्रै पनि केही इजलासहरूको व्यवस्था गरेर छुट्टै सुनुवाइ हुने ठाउँहरू बनाउन सकिन्छ । त्यहाँबाट पार लागेन भने मात्रै अदालतको प्रमुख अभ्याससँग जोडिने गर्दा पनि अदालतलाई त्यति धेरै बोझ पर्दैन । न्याय प्रक्रियाको ढिलासुस्ती घट्दा अदालतप्रतिको जनविश्वास पनि बढ्छ । औपचारिक मात्रै होइन, अनौपचारिक रूपमा पनि विवाद समाधान र न्याय निरुपण प्रक्रियालाई खुकुलो बनाउँदा न्याय प्रक्रिया चुस्तदुरुस्त हुन्छ । कहिलेकाहीं त अदालतले नै मुद्दाको प्रकृति हेरेर मेलमिलाप र मध्यस्थताको लागि मार्गप्रशस्त गर्न सक्छ । यसका लागि हामीले केही पूर्वाधार र आधार भने तयार बनाउनुपर्छ । कानुनी शिक्षाको पहुँच विस्तार गर्नुपर्छ । नेपालमा यस्तो अभ्यास सुरु भयो भने अनुभव र योग्यताको आधारमा हाम्रो जनशक्तिले संसारका यस्ता केन्द्रहरूमा पुगेर आकर्षक रोजगारी पाउन सक्छन् । साथै, आफ्नै रुचि अनुसार स्वदेशमा परिवारको साथमा रहेर आकर्षक रोजगारी पाउन सक्छन् ।

*-अनलाईन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**

- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**

- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**

- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : राजनैतिक कार्यमा बाधा आउनेछ । साँझमा खर्च बढ्न सक्छ । | **तुला** : आँटेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **वृष** : विभिन्न अवसरले पछ्याउनेछन् । नजिकको मित्रसँग भेटघाट हुनेछ । | **वृश्चिक** : आतिथ्यपूर्ण सम्मान पाइएला । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **मिथुन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । नयाँ कार्यको थालनी हुनेछ । | **धनु** : अनावश्यक झमेलामा परिएला । चुनौतीको सामना गर्नुपर्ला । |
| **कर्कट** : बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ । नयाँ कार्यको थालनी हुनेछ । | **मकर** : परिस्थिति अनुकूल रहनेछ, लगनशीलताले लक्ष्यमा पुऱ्याउनेछ । |
| **सिंह** : भ्रमण, तथा फेसनमा धन खर्च हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । | **कुम्भ** : शत्रुहरू किनारा लाग्नेछन् । चिताएको कामले तीव्रता लिनेछ । |
| **कन्या** : हर्ष, उमङ्ग र उत्साह छाउनेछ । विशिष्ट व्यक्तिको सहयोग पाइनेछ । | **मीन** : साथीभाइको सहयोग प्राप्त हुनेछ । मुद्दामामिलामा विजयी भइनेछ । |

## विज्ञान/सूचना प्रविधि

# एप्पलको नयाँ एप, अब पासवर्ड सम्झिनु पर्दैन



एप्पलको वार्षिक सम्मेलनको रुपमा रहेको वर्ल्डवाइड डेभलपर्स कन्फ्रेन्स २०२४ सोमबा रदेखि सुरु हुँदैछ । जुन १४ सम्म चल्ने उक्त बहुप्रतिक्षित कार्यक्रममा एप्पलले आफ्ना विभिन्न सपफ्टवेय रहरु घोषणा तथा सार्वजनिक गर्ने ग रेको छ । यसपटकको डेभलपर्स कन्फ्रेन्समा आर्टिफिसियल इन्टेलिजेन्ससँग सम्बन्धित विभिन्न ठूला घोषणाहरू समेत हुने अपेक्षा गा रएको छ । साथै यसपटक एप्पलले एउटा नयाँ एप समेत लञ्च गर्ने समाचा रहरु समेत सार्वजनिक भइ रहेका छन् । उक्त एपको नाम Passwords रहनेछ । उक्त एपको काम कुनै पनि वेबसाइट वा सफ्टवेय रमा लगइनको प्रक्रियालाई सहज बनाउनु हो । यसको नामजस्तै काम हुनेछ । यो एपले आइक्लाउडरुको चेनमा काम गर्नेछ, जसले प्रयोगकर्ताका लागि पासवर्ड सिर्जना गर्नेछ र त्यसलाई स्टो र पनि गर्नेछ । नयाँ अप रेटिङ सिस्टममा पासवर्ड एप आबद्ध एप्पलको उक्त नयाँ एप पासवर्ड अप रेटिंग सिस्टम आईओएस १८, आइप्याड अप रेटिङ एप १८ तथा म्याक अप रेटिङ सिस्टम १५ को हिस्सा हुनसक्छ । यी अप रेटिङ सिस्टमहरू आइफोन, आ इप्याड तथा म्याकका सबैभन्दा पछिल्ला अप रेटिङ सिस्टमको रुपमा रहनेछन् । एप्पलले ल्याउने अपेक्षा गा रएको नयाँ एप पासवर्डको जस्तै फिच र यसअघि एप्पल सेटिङ्स एपमै जोडिएको थियो र कुनै वेबसाइटमा लगइनका बेला पप अप हुन्थ्यो ।

**के छ यो एपमा विशेष ?**

पासवर्डस् एपले नयाँ पासवर्ड सिर्जना गर्नुका साथै प्रयोगकर्ताका विभिन्न लगइन क्रेडेन्सियलहरुलाई संग्रहित समेत गर्नेछ । यसको सहयोगबाट प्रयोगकर्ताले पासवर्ड तथा अकाउन्टका विव रणहरुलाई एप्पल डिभाइसमा सिंग गर्न सक्नेछ । यसमा प्रयोगकर्तालाई पासवर्डलाई विभिन्न वर्गमा विभाजन गर्ने सुविधासमेत हुनेछ । अर्थात् प्रयोगकर्ताले सोसल मिडिया, वाइफाइ तथा अन्य ता रकाबाट पासवर्डहरुलाई फ रक-फ रक वर्गमा विभाजन ग रे र संग्रहित गर्न सक्दछन् । यसका साथै यो एपमा अटो फिलको सुविधा पनि हुनेछ । एप्पलको यो पटकको डेभलपर्स कन्फ्रेन्समा पासवर्डस् एपका अलावा नोटिफिकेसन सम री, इन्स्ट्यान्ट फोटो एडिटिङ, एआई जेने रेटेड इमोजी तथा उत्कृष्ट सि रीको समेत घोषणा गर्ने बताइएको छ ।

*-अनलाइन खब र डटकम*

# प्राथमिकतामा आईसीटी



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाललाई सूचना प्रविधिको हबका रूपमा विकास गर्न आगामी आर्थिक वर्षको बजेटमा आईसीटी क्षेत्रलाई प्राथमिकतामा राखेको बताएका छन् । उनले बजेटमा सूचना प्रविधि दशक घोषणालगायतका महत्वपूर्ण कार्यक्रम समावेश गा रएको बताएका छन् । डिजिटल रूपान्त रणको अभियानमा क्रियाशील आईसीटी फाउन्डेसनले आयोजना ग रेको 'डिजिटल नेपाल कन्क्लेभ २०२४' लाई सम्बोधन गर्दै उनले बजेटमार्फत १० वर्षमा ३० खर्ब रुपैयाँको सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र पाँच लाख प्रत्यक्ष तथा १० लाख अप्रत्यक्ष रोजगा री सिर्जना गर्ने लक्ष्य राखिएको बताए । 'सूचना प्रविधिलाई अर्थतन्त्रको सम्वाहकका रूपमा स्थापित गर्ने, सूचना प्रविधिका नवीनतम् प्रविधि अवलम्बन गर्न कानुनी आधा र तया र गर्ने, कृत्रिम बौद्धिकताको विकास, प्रवर्द्धन र नियमनको व्यवस्था गर्ने व्यवस्था बजेटमा गा रएको छ,' प्रधानमन्त्री प्रचण्डले भने । उनले सूचना प्रविधि क्षेत्रमा नीतिगत स्थायित्वसहित उच्च गतिको भ रपर्दो र किफायती इन्ट रनेट सेवा, डाटा सु रक्षा र बौद्धिक सम्पत्ति सं रक्षण प्रदान गर्ने विषय बजेटमा समावेश भएको स्पष्ट पा रे । प्रधानमन्त्री प्रचण्डले 'डिजिटल नेपाल फ्रेमवर्क' पा रमार्जन ग री सोको कार्यान्वयन र अनुगमन गर्न संस्थागत व्यवस्था गर्ने, काठमाडौँ उपत्यका र बुटवलमा उच्च गतिको इन्ट रनेट, विद्युत्, सु रक्षालगायत पूर्वाधा रसहित सूचना प्रविधि पार्क सञ्चालनको काम अगाडि बढाइने बताए । 'यस्तो पार्कमा तीन वर्षका लागि 'वर्क स्टेसन' सञ्चालन गर्न नि:शुल्क स्थान उपलब्ध ग राउने, सार्वजनिक-निजी साझेदा रीमा अत्याधुनिक सूचना प्रविधि हव सञ्चालनका लागि बहुतले सं रचना निर्माण गा रनेछ,' उनले भने । स्वदेशमा उत्पादित सफ्टवेय रलाई प्राथमिकता दिई सार्वजनिक निकायले उपयोग गर्ने व्यवस्था मिलाइने जानका री दिँदै प्रधानमन्त्री प्रचण्डले स रका री डाटा सेन्ट रको स्त रोन्नति, विद्युतीय तथ्यांकको भण्डा रण, सु रक्षा र उपयोगलाई व्यवस्थित र भ रपर्दो बनाइने बताए । सूचना प्रविधि विषयमा स्नातक र स्नातकोत्त र तहमा अध्ययन गरि रहेका युवालाई सूचना प्रविधि सम्बद्ध उद्योगमा 'इन्टर्न' गर्ने व्यवस्था गा रने उनको भनाइ छ । प्रधानमन्त्री प्रचण्डले स रका र सूचना तथा सञ्चा र प्रविधिलाई विशेष प्राथमिकतामा राख्दै विकास र समृद्धिको लक्ष्यमा अघि बढि रहेको स्पष्ट पा रे । 'आगामी आवको बजेटमा तीन महत्वपूर्ण प्राथमिकताभित्र आईसीटीलाई समावेश ग रेका छौँ,' उनले भने, 'स रका र डिजिटल इकोनोमी, स्टार्टअप र इनोभेसनको प्रवर्द्धन, रोजगा रीको सिर्जना, डिजिटल गर्भनेन्सको सुधा र र समग्र देश रूपान्त रणको लक्ष्यमा केन्द्रित छ, त्यसअनुरूप स रका रले आवश्यक नीति र कानुनको पा रमार्जन गर्दै अघि बढि रहेको छ ।' प्रधानमन्त्री प्रचण्डले पछिल्लो समय 'देश बन्दैन', 'यो देशमा केही हुँदैन' भन्ने अत्यन्त नका रात्मक भाष्य स्थापित गर्ने कोसिस भइ रहेपनि तथ्यहरूले नेपालको विकास, समृद्धि र स्व रोजगा रका क्षेत्रमा राम्रो प्रगति हुँदै गएको पुष्टि ग रेको बताए । उत्पादन, उत्पादकत्व वृद्धि र रोजगा री सिर्जनाका क्षेत्रमा स रका रले ग रेको नि रन्त र प्रयास र पहलकदमीका का रण देशभित्र क्रमश: उत्साहको वाताव रण निर्माण हुँदै गएको उनको भनाइ छ । प्रधानमन्त्रीले सूचना प्रविधि क्षेत्रमा स रका रका तर्फबाट आर्कषक रोजगा रीको व्यवस्था र अवस र सिर्जना गर्न खोजिएको तथा स्टार्टअप र इनोभेसन प्रवर्द्धन गर्न इतिहासमै पहिलोपटक रु एक अर्बको कोष बनाए र सातै प्रदेशमा इन्कुवेसनसहितको कार्यक्रम ल्याइएको स्पष्ट पा रे । उनले प्रविधिमार्फत अर्थतन्त्रको विकास र रोजगा री सिर्जनाका निम्ति स रका रले अगाडि बढाएका कार्यक्रम प्रभावका री तुल्याउन र प्रविधिको प्रयोगमार्फत् आर्थिक सामाजिक रूपान्त रणमा सहकार्यका निम्ति आम युवा र आइटी क्षेत्रका उद्यमीलाई अपिल ग रे । 'तपाईहरू नि रास नहुनुहोस्, जस री तपाईहरूले यस क्षेत्रमार्फत् रोजगा री सिर्जना र अर्थतन्त्रको विकासमा योगदान गा र रहनुभएको छ, यसका निम्ति नेपाल स रका र आभा री छ,' उनले भने, 'सूचना प्रविधि क्षेत्रका निम्ति आवश्यक कानुनलगायत नीतिगत विषयको सम्बोधन गर्न स रका र तया र छ ।'

*-बाह्रखरी डटकम*

# स्वत: खारेज भयो सिजी कम्युनिकेसन्सको अनुमतिपत्र

CG | COMMUNICATIONS

सिजी कम्युनिकेसन्स लिमिटेडको ग्रामीण दू रसञ्चा र सेवाको अनुमतिपत्र रद्द भएको छ । नेपाल दू रसञ्चा र प्राधिक रणले बिहीबा र एक सूचना जा री गर्दै सिजी कम्युनिकेसन्सको ग्रामीण दू रसञ्चा र सेवाको अनुमतिपत्र दू रसञ्चा र ऐन, २०५३ बमोजिम स्वत: रद्द भएको जनाएको हो ।

कम्पनीले २०६० सालको मंसि र ५ गते 'सन् २००३, नोभेम्ब र २१' ग्रामीण दू रसञ्चा र सेवाको अनुमतिपत्र प्राप्त ग रेको थियो । कम्पनीले नवीक रणको लागि दू रसञ्चा र नियमावली, २०५४ बमोजिम निवेदन पेस गर्नुपर्ने थियो । त र नियमावलीको नियम १२ बमोजिम कम्पनीले तोकिएको अवधिभित्र नवीक रण दस्तु रसहित निवेदन पेस नग रेकोले उक्त सेवा प्रदायकलाई प्रदान गा रएको ग्रामीण दू रसञ्चा र सेवाको अनुमतिपत्र दू रसञ्चा र ऐन, २०५३ को दफा २५ (२) बमोजिम गत मंसि र १६ गतेदेखि स्वत: रद्द भएको हो । दू रसञ्चा र ऐन, २०५३ को दफा २५ (२) मा अनुमतिपत्र नवीक रणको लागि अनुमतिपत्रको अवधि समाप्त हुनु अगावै तोकिएको अवधिभित्र अनुमतिपत्र नवीक रणको लागि प्राधिक रणलाई निवेदन दिनुपर्ने उल्लेख छ । त्यस री निवेदन प रेपछि प्राधिक रणले एक पटकमा पाँच वर्षमा नबढाई अनुमतिपत्र नवीक रण गा रदिनुपर्ने व्यवस्था छ । सोही दफाको उपदफा ५ मा उपदफा २ बमोजिम म्यादभित्र अनुमतिपत्र नवीक रण नग राएमा त्यस्तो अनुमतिपत्र स्वत: रद्द हुने उल्लेख छ ।

*-सेतोपाटी डटकम*

# 'वानएक्स बेट'को प्रचार गर्दै हाम्रो पात्रो




हाम्रो पात्रो एपले प्रतिबन्धित वानएक्स बेट अनलाइन बेटिङ 'सट्टेबाजी' एप्लिकेसनको प्रचार गर्ने गरेको पाइएको छ । वानएक्स बेट नेपालमा प्रतिबन्धित छ । तर हाम्रो पात्रो एपले भने अवैध रुपमा वानएक्स बेटको विज्ञापन गरिरहेको हो । हाम्रो पात्रोमा देखिने वानएक्स बेटको विज्ञापन 'गुगल एड' हो । यसलाई नियमन भने हाम्रो पात्रो टीमले गर्नसक्छ । तर रोक्न सकिने भएपनि सम्बन्धित पक्षले चासो नदेखाएको पाइएको छ । सायद मंहगो मूल्यको विज्ञापन भएर होला यस तर्फ हाम्रो पात्रो टिम मौन देखिन्छ । यस्ता अवैध विज्ञापनले हाम्रो पात्रो सञ्चालकलाई फाइदा पुगे पनि राष्ट्रलाई भने गम्भीर नोक्सान भइरहेको सरोकारवालाहरु बताउँछन् । यो कार्य विज्ञापन नियमन ऐन विपरीत भएको उनीहरुको भनाइ छ । अवैध 'वान एक्स बेट' अनलाइन जुवाको प्रचार गरेको भन्दै प्रहरीले केही समय अघि नेपालका चर्चित कलाकार र केही युटुबरहरुलाई पक्राउ समेत गरेको थियो । नेपालमा अनलाइन जुवा पूर्ण रुपमा प्रतिबन्धित छ । पछिल्लो समय नेपालमा अबैध रहेको अनलाइन जुवा खेल्ने युवाहरूको संख्या बढिरहेको प्रहरी बताउँछ । यस्ता विज्ञापनमार्फत अनलाईन जुवा तर्फ युवाहरुको आकर्षण बढ्दो छ ।

**के हो वानएक्स बेट ?**

वानएक्स बेट अनलाइन बेटिङ 'सट्टेबाजी' प्लेटफर्म हो । प्रयोगकर्ताले पुरै खेलको नतिजा वा खेलका विभिन्न समयावधिमा हुने गतिविधिको अनुमान गरेर जुवा झैं दाउ राख्नुपर्ने हुन्छ। अनुमान गरेको नतिजा मिलेको खण्डमा तोकेको रकम फिर्ता पाइन्छ । भने नमिलेको अवस्थमा आफूले बाजी राखेको सबै रकम जान्छ । यही प्लेटफर्ममै विविध प्रलोभन दिएर लक्की ड्र मार्फत् पनि विजेता घोषणा पनि गरिन्छ । विभिन्न ठाउँ र देशअनुसार त्यहाँका कुनै व्यक्ति कम्पनीको एजेन्टका रूपमा काम गर्छन् । यस्ता एजेन्टहरूले विभिन्न व्यक्तिको नागरिकतालगायतका अन्य कागजात राखी नक्कली नाममा खाता खोल्ने र यो खेल खेल्ने, खेलाउने गर्छन् । अनलाइन सट्टेबाजीका लागि हुने साइटहरूमा नेपालका विभिन्न मोबाइल वालेटदेखि बैंक अकाउन्टसम्म प्रयोग हुने गरेका छन् । कुनै प्रयोगकर्ताले यस्ता एप वा मोबाइलमार्फत खाता खोलेपछि यसमा रकम हाल्नुपर्ने हुन्छ । रकम हाल्दा सिधै नेपाली बैंक तथा मोबाइल वालटेबाट हाल्न नपाइने हुँदा प्रयोगकर्ताहरूले यसका नेपालमा रहेका एजेन्टको वालेट वा बैंक खाता पठाउनु पर्ने हुन्छ जब एजेन्टको खातामा पैसा पुग्छ उसले प्रयोगकर्ताको खातामा उसले चाहेको रकम जम्मा गर्दिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# गुगल म्यापले अब प्रयोगकर्ताको 'हिस्ट्री' भण्डार नगर्ने



के तपाई गुगल म्यापको प्रयोग गर्नुहुन्छ ? म्याप हिस्ट्रीबारे चिन्तित हुनुहुन्छ कि ? त्यसो भए तपाईका लागि खुसीको खबर छ । गुगल म्यापको गोपनियतामा झनै राम्रो हुने भएको छ । गुगलले अब लोकेसन डाटाबारे नयाँ योजना बनाइरहेको छ । एउटा नयाँ रिपोर्टका अनुसार अब गुगल म्यापमा प्रयोगकर्ताका डेटा स्टोर भएर बस्ने छैन । यसअघि गुगल म्यापको सर्भरमा प्रयोगकर्ताको लोकेसन हिस्ट्री स्टोर भएर बसेको हुन्थ्यो । अब सो हिस्ट्री डेटा प्रयोगकर्ताको डिभाइस अर्थात् फोनमा मात्रै भण्डारण हुनेछ । गुगलले यो फिचर यो वर्षको डिसेम्बर १ मा जारी गर्दैछ । गुगल म्यापले गोपनीयताको लागि यो फिचर ल्याउन लागेको हो । सर्भरमा डेटा स्टोर भएर बस्दा लिक हुने खतरा हुन्थ्यो । अनि नेट नभएपछि प्रयोगकर्ताहरूले आफ्नो डिभाइसमा रहेको हिस्ट्री हेर्न सक्नेछन् । हाललाई यो सुविधा मोबाइल एपमा मात्र जारी गरिनेछ । वेब संस्करणका लागि भने आउने नआउनेबारे कुनै जानकारी दिइएको छैन ।

*-रातोपाटी डटकम*

# 'हिंसारहित समाजका लागि सकारात्मक सोच आवश्यक'

**पाल्पा,** जेठ २८/जिल्लाको रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले हिंसा र अपराधरहित समाज निर्माणका लागि सकारात्मक सोच आवश्यक रहेको बताएका छन् । नगरपालिकाले आयोजना गरेको न्यायिक समितिसँग प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत समाजमा हुने विभिन्न हिंसा तथा अपराध सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।



सोमबार रामपुर नगरपालिका -७ मा भएको कार्यक्रममा बोल्दै उनले शान्त, समुन्नत, हिंसा एवं अपराधरहित समाज निर्माणका लागि सबैमा सकारात्मक सोचको आवश्यक रहेको औल्याए । नगरप्रमुख थापाले समाजमा घरेलु हिंसा व्याप्त रहेको भन्दै यसको न्यनिकरण र नियन्त्रण गनु पर्ने बताए । उनले भने 'विभिन्न विकृति विसंगतीका कारण हिंसा बढ्ने गरेको छ, यसले मानिसलाई विचलित बनाई विभिन्न घटना समेत हुने गरेको छ यसका लागि सबै सचेत हुनुपर्छ ।' प्रविधिको प्रयोग र विभिन्न सामाजिक सञ्जालले विकृतिसँगै हिंसा फैलाई रहेको भन्दै उनले चिन्ता व्यक्त गरे । उपप्रमुख बाल कुमारी थापाले नगरपालिकालाई हिंसामुक्त बनाउनका लागि प्रतिबद्ध भएर लागेको बताईन् । यसका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको उनले उल्लेख गरिन् । ७ का वडा अध्यक्ष दोवराज तिवारीले अपराध र हिंसा मानविय व्यवहारका कारण हुने भन्दै समाजिक सञ्जाल र प्रविधिको प्रयोगमा सचेत हुनुपर्ने जोड दिए । आधारभूत माध्यमिक विद्यालयका प्रधानाध्यापक रुपनाथ गौतमले विद्यार्थीहरुमा सचेतनाको अभावका कारण बाल विवाह गर्ने समस्या रहेको र सोही कारण विभिन्न हिंसा निम्तिएको भन्दै सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताए । वडाका मेलमिलापकर्ता तिलबहादुर श्रेष्ठ र टोल विकास संस्थाका मनोरथ भट्टराई लगायतले हिंसा र अपराध नियन्त्रणका लागि सबै लाग्नु पर्ने बताए । कार्यक्रममा ईलाका प्रहरी कार्यालय रामपुरका प्रहरी निरीक्षक शालिकराम खनालले विभिन्न प्रकारका हिंसा, यसको कानुनी उपचारको व्यवस्था, अपराध, बाल विवाह लगायतका विषयमा सहजिकरण गरेका थिए । न्यायिक समितिका सदस्य तथा वडा सदस्य खेमराज अधिकारीको स्वागत र न्यायिक समिति सचिवालय सचिव पार्वती परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# विद्यार्थीहरुको नि:शुल्क स्वास्थ्य परीक्षण

**पाल्पा,** जेठ २८/जिल्लाको बगनासकाली गाउँपालिका -९ चापपानीस्थित कालिका आधारभूत विद्यालयका विद्यार्थीहरुको नि:शुल्क स्वास्थ्य परीक्षण गरिएको छ । एक दिने शिविरमार्फत यहँका ५५ जना विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गरिएको हो ।



रोटरी क्लब अफ पाल्पा लुम्बिनीको आयोजना र लुम्बिनी मेडिकल कलेज प्रभासको प्राविधिक सहयोगमा स्कुल हेल्थ कार्यक्रम अन्तर्गत बालरोग तथा दन्तरोग सम्बन्धी स्वास्थ्य परीक्षण गरिएको छ । शिविरमा धेरै जसो बालबालिकाहरुमा पेटको समस्या, ग्याष्ट्रिक तथा दात किराले खाने समस्या देखिएको थियो । शिविरमा बाल रोग विशेषज्ञ रमेश खड्का र दन्तरोग विशेषज्ञ विवेक न्यौपाने सहित चिकित्सकहरुको टोलीले स्वास्थ्य परीक्षण गरेको हो ।

शिविरमा पुगेका वडाध्यक्ष थानेश्वर तिमिल्सिनाले मेडिकल कलेज र रोटरी क्लवले विद्यालयमै आएर विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गरेर प्रशंसनिय कार्य गरेको भन्दै संस्थाहरुप्रति आभार व्यक्त गरे । बालरोग बिशेषज्ञ डा. रमेश खड्काले खानपिनमा ध्यान दिने हो भने धेरै जसो रोग लाग्ने सम्भावना कम हुने बताए । उनले स्वासथ्यप्रति सजग हुन सचेतना अभियानै सञ्चालन गर्नुपर्नेमा जोड दिए । डा. खड्काले जङफुड खानाले बालबालिकाको स्वास्थ्यमा विकराल समस्या ल्याउन सक्ने हुँदा हरेक अभिभावकले ध्यान दिनुपर्ने बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि अर्यालले बालबालिकामा बढ्दो स्वास्थ्य समस्यालाई मध्यनजर गदै स्वास्थ्य शिविरको आयोजना गरिएको बताए । शिविरमा स्वास्थ्य परीक्षण गर्न आउने सम्पूर्णलाई नि:शुल्क स्वास्थ्य परीक्षणसँगै औषधी उपलब्ध गराइएको थियो । रेफर भएर आउने विद्यार्थीहरुलाइ मेडिकल कलेजले १० प्रतिशत छुटमा सेवा दिने समेत जनाएको छ । रोटरी क्लब अफ पाल्पा लुम्बिनीका अध्यक्ष रमेश न्यौपानेले विद्यालयमा आएर सेवा दिन पाउदा निकै खुसी लागेको बताए । उनले आउँदा दिनहरुमा पनि आवश्यक ठाउँमा स्वास्थ्य शिविर लगायत अन्य विभिन्न सामाजिक कार्य गर्दै जाने बताए । विद्यालयका प्रधानाध्यापक जीवराज घिमिरले विद्यालयलाई शिविरका लागि छनोट गरेकोमा रोटरी क्लब र लुम्बिनी मेडिकल कलेजसहित सहयोग गर्ने दाताहरुलाइ धन्यवाद दिए । कार्यक्रममा तानसेन नगरपालिका-७ का वडाध्यक्ष प्रदिप खनाल,लुम्बिनी मेडिकल कलेजका सुजन कार्की लगायतले शिविरको खुलेर प्रशंसा गरेका थिए ।


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## खेलकुद समाचार

### सन्दीपले वेस्ट इण्डिजमा हुने विश्वकपको खेल खेल्ने



**काठमाडौं,** जेठ २८/क्रिकेटर सन्दीप लामछिानेले वेस्ट इण्डिजमा हुने आईसीसी टी -२० विश्वकपका खेलहरु खेल्ने भएका छन् ।

नेपाल क्रिकेट सै क्यानले आज विज्ञप्ति निकालेर विश्वकप अन्तर्गत वेस्ट इण्डिजमा हुने दक्षिण अफ्रिका र बङ्गलादेशसँको खेलका लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीबाट लामिछानेले खेल्ने भएका जानकारी गराएको हो । वेस्ट इन्डिजमा नेपालले बङग्लादेश र दक्षिण अफ्रिकासँग दुई खेल खेल्ने तालिका रहेको छ । अब दुवै खेलमा सन्दीपले सहभागिता जनाउने भएका छन् । अमेरिकाले भिसा नदिए पनि आइसीसीसँग समन्वय गरेर वेस्ट इण्डिजमा हुने खेलमा सन्दीपलाई समावेश गरिएको क्यानले जनाएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



## कृषि ज्ञान केन्द्र पाल्पाको अनुरोध

- बिषादी प्रयोग गर्नु पूर्व प्राविधिकको अनिवार्य सल्लाह लिनुहोस् ।
- तालिम प्राप्त र ईजाजतपत्र प्राप्त विषादी खुद्रा बिक्रेताहरूबाट मात्र विषादी खरिद गर्नुहोस् ।
- विषादी खरिद गर्दा पंजिकृत, सुरक्षित र प्रभावकारी विषादी छान्नुहोस् ।
- पंजिकरण नभएका र प्रतिवन्धित विषादी बारे जानकारी राख्नुहोस् र त्यस्ता विषादी खरिद नगर्नुहोस् ।
- विषादीको सुरक्षित तरिकाले भण्डारण गर्नुहोस् र बालबच्चहरूको पहुँच देखि टाढा राख्नुहोस् ।
- सही विषादी, सही मात्रामा, सही समयमा र सही तरिकाले प्रयोग गर्नुहोस् ।
- विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस् ।
- विषादी प्रयोग गरिसके पछि पर्खनु पर्ने समय व्यतित नभएसम्म बाली टिपेर खाने र बेच्ने नगर्नुहोस् ।
- भण्डारणमा लाग्ने रोग कीरा नियन्त्रणका लागि सकभर स्थानीय प्रविधि अवलम्वन गर्नुहोस् ।

कृषि ज्ञान केन्द्र
पाल्पा


## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचकमा सुधार



**पाल्पा,** जेठ २८/सेयर कारोबार साताको दोस्रो दिन सोमबार नेप्से परिसूचकमा सुधार आएको छ । आइतबार गिरावट आएको नेप्से ९ अंकले बढेर सुधार आएको हो ।

नेप्से परिसूचक ८.९० अंकले बढेर २ हजार ८२ दशमलव ९ विन्दुमा अडिएको छ । सेन्सेटिभ इण्डेक्स ०.२३ प्रतिशतले बढेर ३ सय ६९.०५ विन्दुमा कायमा भएको छ । अघिल्लो कारोबार दिन आइतबार नेप्से परिसूचक ४.५९ अंकले घटेको थियो । सामान्य अंकले बढेको सेयर बजारमा कारोबार रकम आइतबारको तुलनामा बढेको छ । यसदिन ३ सय १४ स्क्रिप्सको १ करोड १६ लाख ३४ हजार ६ सय १८ कित्ता सेयर ५ अर्ब ४९ करोड ६ लाख ९ हजार ७ सय ८२ रुपैयाँमा खरिदबिक्री भए । आइतबार ५ अर्ब १८ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । सोमबार तीनवटा स्टकको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । कुथेली बुखारी, त्रिशुली जलविद्युत कम्पनी र पिपुल्स पावरको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । मोलुङ हाइड्रोपावरको सेयर ९.४९ र सुपर माइ हाइड्रोपावरको ८.९९ प्रतिशतले बढ्यो । जानकी फाइनान्सका लगानीकर्ताले भने गुमाए । सो कम्पनीको सेयर ८.६७ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा एनआरएन इन्फ्रास्टक्चर डेभलपमेन्ट शीर्षस्थानमा रह्यो । सो कम्पनीको ४१ करोड ८७ लाख मूल्य बराबरको सेयर कारोबार भयो । माउन्टेन इनर्जी नेपालको २४ करोड, जानकी फाइनान्सको १६ करोड, सीईडीसी हाइड्रोपावरको १३ करोड मूल्य बराबरको सेयर कारोबार भयो । कारोबारमा आएका १७६ स्टकको मूल्य बढ्दा ६१ वटाको ओरालो लाग्यो । सात समूहको उपसूचक सकारात्मक देखिदा ८ वटा समूहको उपसूचक नकारात्मक देखिएका छन् । हाइड्रोपावर समूहको उपसूचक सर्वाधिक २ प्रतिशतले बढ्यो ।


## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१/०२/२८*

प्रस्तुत विषयमा यस विद्यालयमा शिक्षा विकास तथा समन्वय इकाई कार्यालय तानसेन पाल्पाको पत्र सङ्ख्या २०८१/०८१ चलानी नं.**१५९८ को पत्रानुसार निम्नानुसारको** योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई दरखास्त दिन आह्वान गरिन्छ ।

तपसिल

**पद :** **शिक्षक**
**तह :** प्रा.वि. तृतीय अस्थायी (करार)
**संख्या :** १ (एक),
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**शैक्षिक योग्ता :** १० + २ वा सो भन्दा माथि
**दरखास्त :** दस्तुर रु ५०० (पाँच सय) मात्र
**दरखास्त दिने मिति :** २०८१/०२/२८ गते देखि २०८१/०३/१० गते सम्म
**सम्पर्क मिति :** २०८१/०३/११ गते (विद्यालय समय भित्र)
**परीक्षा मिति र स्थान:** सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम :** लिखित मौखिक आवश्यक परे प्रगोगात्मक
**आवश्यक कागजातहरू :** नेपाली नागरिकताको प्रतिलिपी, अध्यापन अनुमति पत्र, शैक्षिक योग्यता र प्रतिलिपिहरु ।
परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।
**सम्पर्क नं. :** प्र.अ. ९८६७१६१७८८, वि.व्य.स. ९८४५५१६६७२,

**श्री भैँयरस्थान प्राथमिक विद्यालय**
रैनादेवी छहरा-१, सिद्धेश्वर, असारे, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्राई, सम्पादक:जगदीशप्रसाद भट्राई